# प्रदेश राजपत्र

प्रदेश नं. दुई, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड४) जनकपुरधाम, पुष २८ गते,२०७७ साल (अतिरिक्ताङ्क ३

**भाग २**

**प्रदेश सरकार**

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

## प्रदेश सञ्चार नियमावली, २०७७

प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ को दफा ७० ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं.२ , प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस नियमावलीको नाम **"प्रदेश सञ्चार नियमावली, २०७७"** रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "**ऐन**" भन्नाले प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ सम्झनु पर्छ।

(ख) "**समिति**" भन्नाले नियम ३० को उपनियम (२) बमोजिमको कोष सञ्चालन समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## <u>आमसञ्चार प्राधिकरण सम्बन्धी व्यवस्था</u>

३. **<u>प्रदेश आमसञ्चार प्राधिकरणको पदाधिकारीको नियुक्ति</u>** : (१) ऐनको दफा ७ बमोजिम योग्यता पुगेको व्यक्तिले मन्त्री समक्ष अध्यक्ष र सदस्यको नियुक्तिको लागि निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न गएको निवेदन उपर अध्यक्षको नियुक्तिको लागि मन्त्रीले

प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्नुपर्ने र सदस्यको हकमा मन्त्रीबाट निर्णय भएकोलाई नियुक्त गर्नु पर्नेछ ।

(३) ऐनको दफा ७ को (क) र (ख) को लागि नेपाली नागरिकता, (ग) को लागि अनुभव प्राप्त गरेको स्पष्ट खुल्ने कागजात र (घ), (ङ), (च) को लागि स्वघोषणा गरेको कागजात संलग्न राखी निवेदन साथ पेश गर्नु पर्नेछ ।

४. **<u>प्राधिकरणको बैठक सम्बन्धी व्यवस्था</u>** : (१) ऐनको दफा ११ बमोजिम प्राधिकरणको बैठक सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः

(क) प्राधिकरणको बैठकमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(ख) प्राधिकरणको बैठकको निर्णयको अभिलेख प्रति मन्त्रालयमा समेत पठाउनु पर्नेछ ।

(ग) प्राधिकरणको बैठक सम्बन्धी अन्य कार्यविधि प्राधिकरण आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(घ) अध्यक्षको निर्देशन बमोजिम प्राधिकरणको बैठकको लागि बैठकको कार्यसूची प्राधिकरणको

प्रशासकीय प्रमुखले तयार गर्नेछ।

५. **<u>प्राधिकरणको काम, कर्तव्य र अधिकार</u>** : (१) ऐनको दफा १२(ठ) बमोजिम प्राधिकरणको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) संचार सम्बन्धी प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति तर्जुमा गर्ने,

(ख) प्राधिकरणको दीर्घकालीन योजना तर्जुमा गरी स्वीकृत गर्ने,

(ग) प्राधिकरणको स्वीकृत वार्षिक कार्यक्रम कार्ययोजना बनाई कार्यान्वयन गर्ने,

(घ) संचारकर्मीलाई उपयुक्त प्रशिक्षण कार्यक्रमहरु संचालन गराउने,

(ङ) संचारकर्मीका समस्याहरु र तिनका समाधानका उपायहरुका बारेमा समय समयमा सभा, गोष्ठी एवं सम्मेलनको आयोजना गर्ने, गराउने,

(च) संचारकर्मीको दक्षता अभिवृद्धि गर्न शिक्षण तथा प्रशिक्षण कार्यक्रम सम्बन्धी पाठ्यक्रम स्वीकृत गर्ने,

(छ) विषय मिल्ने विश्वविद्यालय तथा प्राविधिक शिक्षालयसँग सहकार्य गर्ने,

(ज) प्रशिक्षण कार्यक्रमहरुको मूल्यांकन गर्ने, र

(झ) प्राधिकरणसँग सम्बन्धित अन्य कार्य गर्ने ।

६. **प्राधिकरणको कोष सञ्चालन सम्बन्धी व्यवस्था** : (१) प्राधिकरणलाई सम्बन्धित कोष खुलाई वा नखुलाई प्राप्त भएको रकम ऐनको दफा १५ बमोजिमको प्राधिकरणको कोषमा जम्मा गरिनेछ ।

(२) प्रदेश आमसञ्चार प्राधिकरणका पदाधिकारीहरुको पारश्रमिक तथा सेवा सुविधामा हुने खर्च समेत ऐनको दफा १५ बमोजिमको प्राधिकरणको कोषबाट हुनेछ।

(३) कोषको खाता प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा हुनेछ ।

(४) कोषको सञ्चालन प्राधिकरणको प्रशासकीय प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) कोषमा जम्मा भएको रकममध्ये आशिंक वा पूरैं रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै अविछिन्न रहनेछ ।

(६) कोषको आम्दानी र खर्चको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(७) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

७. **<u>प्राधिकरणको प्रशासकीय प्रमुखको अन्य काम, कर्तव्य र अधिकारः</u>** (१)प्राधिकरणको प्रशासकीय प्रमुखको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्राधिकरणको बैठकको निर्णयको अभिलेख प्रति मन्त्रालयमा पठाउने,

(ख) सञ्चार सम्बन्धी अल्पकालीन, वार्षिक, तथा दीर्घकालीन योजना तथा वार्षिक कार्यक्रम तर्जुमा गरी अध्यक्षको निर्देशन बमोजिम बैठकमा पेश गर्ने,

(ग) प्राधिकरणको प्रगति विवरण त्रैमासिक रुपमा अध्यक्षको निर्देशन बमोजिम बैठकमा पेश गर्ने,

(घ) आमसंचार क्षेत्रको खोज अनुसन्धानको कार्य गर्ने, गराउने,

(ङ) मुख्य प्रशिक्षक, सहायक प्रशिक्षक, तथा प्रशिक्षक तथा प्रशिक्षक

सहयोगीको रोष्टर तयार गरी अध्यक्षको निर्देशन बमोजिम बैठकमा पेश गर्ने,

(च) संचारकर्मीको दक्षता अभिवृद्धि गर्न शिक्षण तथा प्रशिक्षण कार्यक्रम सम्बन्धी पाठ्यक्रम निर्माण गरी स्वीकृतिका लागि अध्यक्षको निर्देशन बमोजिम बैठकमा पेश गर्ने र

(छ) प्राधिकरण सम्बन्धी अन्य कार्य गर्ने ।

८. **प्राधिकरण विज्ञ सम्बन्धी व्यवस्थाः** (१) प्राधिकरणलाई आवश्यक पर्ने विज्ञको रोष्टर प्राधिकरणले तयार गर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राधिकरणलाई आवश्यक पर्ने विज्ञलाई बैठकमा आमन्त्रित गरिनेछ र निजलाई प्रचलित कानून बमोजिम बैठक भत्ता उपलब्ध गराइनेछ ।

९. **प्राधिकरणका कर्मचारीको सेवा, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्थाः** (१) प्राधिकरणका लागि संगठन संरचना अनुसूची -१ बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिमको दरबन्दीमा कर्मचारीको पदपूर्ति प्रदेश लोकसेवा आयोगद्वारा हुनेछ।

(३) उपनियम (२) बमोजिम कर्मचारीको पदपूर्ति नभए सम्म सो को व्यवस्थापन प्रदेश सरकारले गर्नेछ ।

## परिच्छेद-३

## पत्रपत्रिका तथा अनलाइन संचार माध्यम सम्बन्धी व्यवस्था

१०. **पत्रपत्रिकाको दर्ता सम्बन्धी व्यवस्था** : (१) ऐनको दफा १९ बमोजिम प्रदेशभित्र पत्रपत्रिका प्रकाशन गर्न चाहने व्यक्तिले प्राधिकरणमा प्रशासकिय प्रमुख समक्ष अनुसूची २ बमोजिमको ढाँचामा अनुसूची ३ बमोजिमको दस्तुर सहित निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम परेको निवेदन उपर प्रशासकिय प्रमुखले आवश्यक जाँचबुझ गरी पैंतिस दिनभित्र निवेदकलाई त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न अनुसूची -४ बमोजिमको ढाँचामा प्रमाणपत्र दिइनेछ ।

(३) उपनियम (२) बमोजिम प्रमाणपत्र दिएपछि पत्रपत्रिका सम्बन्धी विवरण अनुसूची -५ बमोजिममो दर्ता किताबमा जनाइ राख्नु पर्नेछ ।

११. **निवेदन दस्तुर सम्बन्धी व्यवस्था** : (१) नियम ९ बमोजिमको निवेदन बापतको अनुसूची-३ बमोजिमको

दस्तुर प्रदेश सरकारको राजश्व खातामा बुझाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दस्तुर बुझाएको एकप्रति भौचर तोकिएको निवेदन साथ पेश गर्नु पर्नेछ ।

१२. **<u>पत्रपत्रिकाको अभिलेख</u>**: (१) ऐनको दफा १९ बमोजिम पत्रपत्रिकाको अभिलेख प्रयोजनाका लागि प्राधिकरणको प्रशासकिय प्रमुख समक्ष अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) प्राधिकरणका प्रशासकिय प्रमुखले उपनियम (१) बमोजिमको अभिलेखको लागि पेश हुन आएको निवेदन जाँचबुझ गर्दा अभिलेख गर्न मिल्ने भए अनुसूची -५ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ।

१३. **<u>पत्रपत्रिकामा उल्लेख गर्नुपर्ने</u>**: (१) ऐनको दफा २३ बमोजिम पत्रपत्रिकाको पहिलो पृष्ठको शिरमा दिइएको दर्ता नम्बर, सो पत्रपत्रिकाको नाम, प्रकार, वर्ष, अंक, मिति र मूल्य तथा अरु पृष्ठको शिरमा पत्रपत्रिकाको नाम र मिति स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(२) पत्रपत्रिकाको अन्तिम पृष्ठको पुछारमा वा सम्पादकीय कोलमको शिरमा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

१४. **पत्रपत्रिकाको आकार र पृष्ठ संख्याः** (१) ऐनको दफा २४ बमोजिम पत्रपत्रिकाको न्यूनतम आकार र पृष्ठ संख्या देहाय बमोजिम हुनेछः

(क) दैनिक समाचारपत्रको लागि कम्तीमा १२ ईन्च चौडाई र २१ ईन्च लम्बाईको आधारमा चार पृष्ठमा नघटाई,

(ख) अर्ध साप्ताहिक र साप्ताहिक समाचारपत्रका लागि कम्तीमा १० ईन्च चौडाई र १५ ईन्च लम्बाईको आकारमा ६ पृष्ठमा नघटाई ।

(ग) पाक्षिक, मासिक, द्वैमासिक र त्रैमासिक समाचारपत्रका लागि कम्तीमा ९ ईन्च चौडाई र १५ ईन्च लम्बाईको आकारमा १२ पृष्ठमा नघटाई ।

(२) प्रकाशकले उपनियम (१) बमोजिमको पत्रपत्रिका प्रकाशन गर्दा छ महिनामा कम्तिमा देहाय बमोजिम अंक संख्या प्रकाशन गर्नु पर्नेछः-

(क)दैनिक समाचारपत्र -१५०अंक,

(ख)अर्धसाप्ताहिक समाचारपत्र -४०अंक,

(ग) साप्ताहिक समाचारपत्र-२० अंक,

(घ) पाक्षिक समाचारपत्र-१० अंक,

(ङ) मासिक समाचारपत्र-५ अंक,

(च) द्वैमासिक र त्रैमासिक समाचारपत्र - २ अंक

१५. **अनलाईन सञ्चार माध्यमको अभिलेखीकरणः** (१) ऐनको दफा २० बमोजिम अनलाइन सञ्चार माध्यम मार्फत अनलाईन पत्रकारिता गर्न चाहने व्यक्ति वा संस्थाले देहायका विवरणहरु उल्लेख गरी अनुसूची -६ बमोजिमको ढाँचामा अनुसूची -३ बमोजिमको दस्तुर सहित प्राधिकरणमा निवेदन दिनु पर्नेछः-

(क) कम्पनी दर्ता र अद्यावधिक विवरण,

(ख) श्रमजिवी पत्रकार र सम्बद्ध अन्य कर्मचारीको दरबन्दी विवरण,

(ग) वेवसाईट, डोमेन दर्ता वा नवीकरण सम्बन्धी विवरण,

(घ) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर,

(ङ) संस्थाको अनलाईन सञ्चार माध्यमबाट सामग्री प्रसारण गर्ने निर्णय ।

(२) उपनियम (१) बमोजिमको विवरणसहित प्राधिकरण समक्ष प्राप्त भएको निवेदन जाँचबुझ गरी अभिलेख राख्न उपयुक्त देखिए प्राधिकरणले दर्ता किताब र विद्युतीय अभिलेखमा अभिलेख राख्नु पर्नेछ ।

(३) ऐनको दफा २१ बमोजिम प्राधिकरणमा अभिलेखिकरण भएको अनलाईन सञ्चार माध्यमलाई अनुसूची -७ बमोजिमको ढाँचामा अनलाईन पत्रकारिताका दर्ता प्रमाणपत्र दिइनेछ ।

१६. **पत्रपत्रिका तथा अनलाईन सञ्चार माध्यमको नवीकरण सम्बन्धी व्यवस्थाः** (१) ऐन तथा यस नियमावली बमोजिम दर्ता भएका अनलाईन सञ्चार माध्यमले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र नवीकरणको लागि कर चुक्ताको प्रमाणपत्र तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि समेत साथै राखी प्राधिकरण समक्ष पत्रपत्रिकाको लागि अनुसूची -२ बमोजिमको ढाँचामा र  अनलाइन सञ्चार माध्यमको लागि अनुसूची -६ बमोजिमको ढाँचामा अनुसूची -३ बमोजिमको दस्तुर सहित निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश भएको निवेदन जाँचबुझ गरी प्राधिकरणले पत्रपत्रिकाको लागि अनुसूची -४ बमोजिमको ढाँचामा र अनलाइन सञ्चार माध्यमको लागि अनुसूची -७ बमोजिमको ढाँचामा नवीकरण प्रमाणपत्र जारी गरी सो को अभिलेख राख्नेछ।

(३) प्राधिकरणले उपनियम (१) मा उल्लिखित अवधिभित्र नवीकरण नगराएमा छ महिना भित्रमा लाग्ने दस्तुरको दोब्बर दस्तुर तिरी नवीकरण गराउन सक्नेछ।

(४) उपनियम (३) बमोजिमको अवधि भित्र नवीकरण नगराएमा उक्त पत्रपत्रिका तथा अनलाईन सञ्चार माध्यम दर्ता स्वतः खारेजी हुनेछ।

## परिच्छेद-४
## मिडिया काउन्सिल सम्बन्धी व्यवस्था

१७. **मिडिया काउन्सिलको पदाधिकारीको नियुक्ति** : (१) ऐनको दफा २९ को उपदफा (१) बमोजिम योग्यता पुगेको व्यक्तिले मन्त्री समक्ष अध्यक्ष र सदस्यको नियुक्तिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर नियुक्तिको लागि अध्यक्षको हकमा मन्त्रीको निर्णयानुसार मन्त्रालयको सिफारिशमा प्रदेश मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्नुपर्ने र सदस्यको हकमा मन्त्रीको निर्णायानुसार नियुक्त गर्नु पर्नेछ ।

(३) निवेदकले ऐनको दफा २९ को उपदफा (१) को खण्ड (क) को लागि संचार माध्यमसँग आवद्धता भएको स्पष्ट खुल्ने कागजात वा विशिष्ट योगदान सम्बन्धमा स्पष्ट खुल्ने कम्तिमा ५ वटा योगदान खुलाई निवेदन दिनु पर्नेछ ।

१८. **काउन्सिलको काम, कर्तव्य र अधिकार:** (१) ऐनको दफा ३० को उपदफा (२) बमोजिम काउन्सिलको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पत्रपत्रिकामा प्रकाशित असामाजिक र आपत्तिजनक कुराहरुको सम्बन्धमा छानविन गर्ने,

(ख) पत्रकारिताको वितरणको अभिलेख अद्यावधिक गर्ने,

(ग) पत्रकार आचारसंहिता कार्यान्वयनको लागि आवश्यक सचेतना कार्यक्रम संचालन गर्ने, गराउने,

(घ) पत्रकारिता, विकास, सुशासन तथा सुचनाको हक सम्बन्धमा गोष्ठि, अन्तरक्रिया, अध्ययन भ्रमण, पत्रकारहरुका लागि लेखनवृत्ति कार्यक्रम र विषयगत सम्मेलन आयोजना गर्ने,

(ङ) काउन्सिलले पत्रकारीता पेश सम्बन्धी क्षमता अभिवृद्धिका लागि आवश्यक पर्ने मुख्य प्रशिक्षक, सहायक प्रशिक्षक तथा प्रशिक्षक सहयोगीहरुको छनौट सम्बन्धी मापदण्ड तयार गरी सो अनुसार रोष्टर तयार गर्ने,

(च) काउन्सिलसँग सम्बन्धित अन्य काम गर्ने ।

१९. **काउन्सिलको बैठक र निर्णयः** (१) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले काउन्सिलको बैठक बोलाउनेछ ।

(२) काउन्सिलको कूल सदस्यको साठ्ठी प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) काउन्सिलको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित काउन्सिलको सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) काउन्सिलको बैठकमा विचाराधीन प्रत्येक विषयमा उपस्थित सदस्यहरुको बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) काउन्सिलको बैठक सम्बन्धी अन्य कार्यविधि काउन्सिल आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. **काउन्सिलको कोष सञ्चालन सम्बन्धी व्यवस्था :** (१) काउन्सिललाई सम्बन्धित कोष खुलाई वा नखुलाई प्राप्त भएको रकम ऐनको दफा ३६ बमोजिमको काउन्सिल कोषमा जम्मा गरिनेछ ।

(२) काउन्सिलमा हुने खर्च ऐनको दफा ३६ बमोजिमको काउन्सिलको कोषबाट हुनेछ।

(३) उपनियम (१) बमोजिमको कोष प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहनेछ ।

(४) कोषको सञ्चालन काउन्सिलको प्रशासकीय प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) कोषमा जम्मा भएको रकममध्ये आशिंक वा पूरैं रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै अविच्छिन्न रहनेछ ।

२१. **<u>काउन्सिलका कर्मचारीको सेवा, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था</u>ः** (१) ऐनको दफा ३५ को उपदफा (१) बमोजिम काउन्सिलका लागि संगठन संरचना अनुसूची -१ बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिमको दरबन्दीमा कर्मचारीको पदपूर्ति प्रदेश लोकसेवा आयोगद्धारा हुनेछ।

(३) उपनियम (२) बमोजिम कर्मचारीको पदपूर्ति नभएसम्म सो को व्यवस्थापन प्रदेश सरकारले गर्नेछ ।

## परिच्छेद-५

## प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्था

२२. **प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्था :** (१) प्रदेशको राष्ट्रिय चाडपर्व वा विशेष अवसरमा छोटो अवधिको लागि प्रदेश भ्रमणमा आउने पत्रकारहरुको लागि प्राधिकरणले अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था गर्न सक्नेछ ।

(२) ऐनको दफा ५१ को उपदफा (२) वा उपनियम (१) बमोजिम प्रेस प्रतिनिधि र प्रमाणपत्र लिन चाहने व्यक्तिले आफू काममा संलग्न रहेको संस्थाको सिफारिस साथ तोकिए बमोजिमको योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी प्राधिकरणमा निवेदन दिनु पर्नेछ र सञ्चार प्रतिनिधि प्रमाण पत्र लिन चाहने स्वतन्त्र पत्रकारले पनि सोही बमोजिम निवेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको निवेदन प्राप्त भएपछि प्राधिकरणले त्यस्तो निवेदन उपर आवश्यक छानविन गरी अनुसूची -३ बमोजिम दस्तुर लिइ अनुसूची -९ बमोजिमको ढाँचामा निवेदकलाई प्रेस प्रतिनिधि प्रमाण पत्र वा अस्थायी प्रमाण पत्र दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाण पत्र पाएको व्यक्तिले ऐन र यस नियमावली तथा प्रचलित कानूनको

अधीनमा रही आफ्नो कार्य क्षेत्रभित्र समाचार संकलन गर्न सक्नेछ ।

२३. **विवरण बुझाउनु पर्ने :** (१) ऐनको दफा ५१ बमोजिम प्रतिनिधि प्रमाणपत्र लिन चाहने कुनै नेपाली वा विदेशी सञ्चार प्रतिष्ठानले प्रदेशभित्र काम गर्ने आफ्ना सम्पूर्ण पदाधिकारी, प्रतिनिधि वा कर्मचारी वा व्यवस्थापकले देहाय बमोजिमको विवरण प्राधिकरणमा बुझाउनु पर्नेछः-

(क) प्रतिनिधिको नाम

(ख) पद/ श्रेणी/ तह

(ग) स्थायी/ अस्थायी/ करार

(घ) कार्यक्षेत्र

(ङ) शैक्षिक योग्यता

(च) श्रमजीवी पत्रकार ऐन बमोजिमको पारिश्रमिक खुलेको नियुक्ति पत्र

(२) उपनियम (१) को खण्ड (ङ) बमोजिम हुने सम्पादक, प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकारको शैक्षिक योग्यता तथा अनुभव देहाय बमोजिम हुनेछः-

(क) सम्पादक हुनका लागिः

(१) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक वा सो सरहको परीक्षा उतीर्ण गरेको, वा

(२) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा उतिर्ण भई नियमित रुपमा प्रकाशित वा प्रसारित हुने कुनै समाचार दैनिक, अर्ध साप्ताहिक, साप्ताहिक वा पाक्षिक पत्रपत्रिका वा समाचार समिति, वा रेडियो, टेलिभिजन वा अनलाईन समाचार संकलन तथा सम्पादन सम्बन्धी कम्तीमा दश वर्ष काम गरेको वा स्तम्भ लेखन कार्य गरेको।

(ख) प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधि हुनका लागिः

(१) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै शिक्षण संस्थाबाट प्रवेशिका वा सो सरहको परीक्षा उतिर्ण गरेको, वा

(२) समाचार संकलन वा रिपोर्टिङ सम्बन्धमा

कम्तीमा पाँच वर्ष काम गरेको ।

(ग) स्वतन्त्र पत्रकारका लागिः

(१) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट पत्रकारिता सम्बन्धी विषयमा स्नातक उपाधी हासिल गरी कम्तीमा दश वर्ष सञ्चार माध्यममा समाचार तथा विचारमूलक कार्य सम्पादन गरेको, वा

(२) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरी कम्तीमा पन्ध्र वर्ष सञ्चार माध्यममा समाचार तथा विचारमूलक कार्य सम्पादन गरेको वा स्तम्भ लेखन कार्य गरेको पुष्ट्याई गर्ने कागजात ।

(३) उपनियम (२) को खण्ड (ग) को उपखण्ड (२) बमोजिम बुझाइएका कागजात झुठ्ठा ठहरिएमा प्राधिकरणले त्यस्तो व्यक्तिको प्रमाणपत्र रद्द गर्न सक्नेछ साथै निज र निजलाई झुठ्ठा कागजात

बनाइ उपलब्ध गराउने सञ्चार संस्था समेतलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

२४. **प्रमाणपत्रको दस्तुर र निवेदन सम्बन्धी व्यवस्थाः** (१) प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने व्यक्तिले आफू काममा संलग्न रहेको संस्थाको सिफारिश साथ नियम २३ मा उल्लेखित योग्यताको प्रमाणपत्र र अनुसूची -३ मा उल्लेखित दस्तुर साथै राखी अनुसूची -८ को ढाँचामा प्राधिकरणमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएपछि प्रेस प्रतिनिधि र अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र पाउने प्रयोजनको लागि प्राप्त निवेदन र संलग्न कागजात समेतलाई अध्ययन गरी उपयुक्त ठहरिएका व्यक्तिलाई अनुसूची -९ बमोजिमको ढाँचामा प्राधिकरणले प्रमाणपत्र जारी गर्नेछ ।

(३) उपनियम (१) बमोजिमको निवेदन दिने व्यक्तिलाई प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिंदा लाग्ने दस्तुर अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।

(४) स्वतन्त्र पत्रकारको प्रमाणपत्र लिन चाहने व्यक्तिले नियम २३ बमोजिमको योग्यताको प्रमाणपत्र समेत संलग्न राखी अनुसूची -८ बमोजिमको ढाँचामा प्राधिकरणमा दरखास्त दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको दरखास्त प्राप्त भएपछि प्राधिकरणले जाँचबुझ गरी अनुसूची -३ बमोजिमको दस्तुर लिई अनुसूची -९ बमोजिमको ढाँचामा स्वतन्त्र पत्रकारको प्रमाणपत्र दिन सक्नेछ ।

२५. **प्रमाणपत्र फिर्ता गर्नुपर्ने :** कुनै व्यक्तिले सम्बन्धित सञ्चार संस्था वा पत्रपत्रिकाको प्रतिनिधित्व गर्ने कार्य छोडेमा निजले वा सम्बन्धित संस्थाको व्यवस्थापक वा सम्पादकले एक महिनाभित्र त्यसरी कार्य छाडेको सूचना सहित प्रमाणपत्र प्राधिकरण समक्ष फिर्ता गर्नु पर्नेछ ।

२६. **प्रमाणपत्रको अवधि र नवीकरण:** (१) नियम २४ बमोजिम दिइएको प्रमाणपत्रको अवधि तीन आर्थिक वर्षको हुनेछ ।

तर अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र बढीमा छ महिनाको अवधिसम्म मात्र बहाल रहनेछ ।

(२) उपनियम (१) बमोजिम प्रमाणपत्र बहाल रहने अवधि समाप्त भएको मितिले पैंतीस दिनभित्र प्रमाणपत्र नवीकरण गराउन एक सय रुपैयाँ दस्तुर सहित अनुसूची -८ बमोजिमको ढाँचामा प्राधिकरण समक्ष दरखास्त दिनु पर्नेछ ।

तर विदेशी नागरिकले लिएको प्रमाणपत्र एक पटक भन्दा बढी नवीकरण गरिने छैन ।

(३) उपनियम (१) बमोजिम अवधि समाप्त भएपछि कुनै व्यक्तिले प्रमाणपत्र नवीकरणको लागि दरखास्त दिन आएमा प्राधिकरणले अनुसूची -३ बमोजिम लाग्ने दस्तुरमा उपनियम (१) बमोजिमको अवधि समाप्त भएको मितिले तीन महिनासम्मका लागि तीन सय रुपैयाँ र त्यसपछि पाँच सय रुपैयाँ दस्तुर लिई एक आर्थिक वर्षका लागि नवीकरण गरी दिन सक्नेछ ।

२७. **<u>प्रमाणपत्र व्यक्तिगत हुने</u>:** नियम २४ बमोजिम दिइएको प्रमाणपत्र सोही व्यक्ति बाहेक अन्य कुनै व्यक्तिले प्रयोग गर्न पाउने छैन ।

२८. **<u>समाचार संकलन गर्ने कार्यक्षेत्रः</u>** (१) यस नियमावली बमोजिम प्रेस प्रतिनिधि वा स्वतन्त्र पत्रकारको प्रमाणपत्र प्राप्त नेपाली नागरिकले प्रदेशभर समाचार संकलन गर्न सक्नेछ ।

(२) प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र प्राप्त विदेशी नागरिकले प्रमाणपत्रमा प्रदेशको तोकिएको क्षेत्रमा मात्र समाचार संकलन गर्न सक्नेछ।

(३) प्रचलित कानून बमोजिम इजाजत पत्र पाएकाले प्रदेशभित्र समाचार संकलन गर्न पाउने छन् तर प्रदेश सरकारबाट सेवासुविधा प्राप्त गर्न प्रदेशबाट जारी भएको प्रमाणपत्र लिएको हुनु पर्नेछ ।

## परिच्छेद-६

## विविध

२९. **सञ्चार माध्यमको हक हस्तान्तरण** : (१) ऐनको दफा ४९ बमोजिम इजाजत पत्र प्रदान गरी अभिलेखीकरण भएको सञ्चार माध्यमको हक वा स्वामित्व हस्तान्तरण भई कसैले त्यस्तो हक प्राप्त गरेमा सो स्वामित्व प्राप्त गर्ने व्यक्ति वा संस्थाले अनुसूची-१० बमोजिमको ढाँचामा सात दिन भित्र सञ्चार प्राधिकरणका प्रशासकिय प्रमुखलाई जानकारी दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको जानकारी प्राप्त भएपछि सञ्चार प्राधिकरणका प्रशासकिय प्रमुखले त्यस्तो विवरण अनुसूची-११ बमोजिमको दर्ता किताबमा दर्ता जनाई राख्नु पर्नेछ ।

३०. **कोषको सञ्चालन तथा व्यवस्थापन**: (१) ऐनको दफा ६६ बमोजिमको वृति कोष र दफा ६७ बमोजिम पत्रकार कल्याण कोषमा देहाय बमोजिमको रकम रहनेछः

(क) नेपाल सरकारबाट प्राप्त हुने अनुदान,

(ख) प्रदेश सरकारबाट प्राप्त हुने अनुदान,

(ग) स्थानीय सरकारबाट प्राप्त हुने रकम, र

(घ) विभिन्न सामाजिक संघ संस्थाबाट वा व्यक्तिबाट प्राप्त हुने रकम ।

(२) उपनियम (१) बमोजिमको कोषहरुको सञ्चालन र व्यवस्थापन गर्न देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहनेछः-

(क) अध्यक्ष, मिडिया काउन्सिल -अध्यक्ष

(ख) सबै सदस्यहरु, मिडिया काउन्सिल -सदस्य

(ग) अध्यक्ष/प्रतिनिधि, नेपाल पत्रकार महासंघ, प्रदेश नं.२ -सदस्य

(घ) प्रशासकिय प्रमुख, मिडिया काउन्सिल -सदस्य

(ङ) शाखा प्रमुख, मिडिया काउन्सिल -सदस्य सचिव

(३) उपनियम (२) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पत्रकारिता क्षेत्रमा निरन्तर लामो समय सम्म योगदान पुर्याएका जेष्ठ पत्रकारहरुलाई मासिक वृत्ति प्रदान गर्न र पत्रकारिताको कार्य सम्पादन गर्दा कुनै दुर्घटना परी घाइते भएको वा दिर्घ रोगबाट पीडित पत्रकारको सहयोग गर्नका लागि योजना, मापदण्ड, तथा

कार्यविधि तथा कार्यक्रम तयार गरी प्रदेश सरकार समक्ष पेश गर्ने,

(ख) पत्रकारहरुको लगत तथा अभिलेख अद्यावधिक राख्ने,

(ग) जेष्ठ पत्रकारहरुलाई मासिक वृत्ति प्रदान गर्न तथा निजहरुको ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्न सहयोग पुर्याउने नीति योजना र कार्यक्रम बनाई प्रदेश सरकार समक्ष पेश गर्ने,

(घ) पत्रकारहरुलाई सहयोग उपलब्ध गराउने सम्बन्धमा आवश्यकतानुसार विभिन्न क्षेत्रसँग समन्वय गर्ने र

(ङ) प्रदेश सरकारले निर्धारण गरे बमोजिम नेपाल सरकार तथा स्थानीय तहबाट प्रदान भएको सेवा सुविधामा दोहोरो नपर्ने गरी ज्येष्ठ पत्रकारहरुलाई मासिक वृत्ति एवं अन्य पत्रकारलाई दिने सुविधा उपलब्ध गराउने ।

(४) कोषको खाता प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा हुनेछ ।

(५) कोषको सञ्चालन काउन्सिलको प्रशासकीय प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(६) कोषमा जम्मा भएको रकममध्ये आशिंक वा पूरैं रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै अविछिन्न रहनेछ ।

(७) उपनियम (२) बमोजिम गठन भएको कोष सञ्चालक समितिले आफ्नो बैठक लगायत कोष सञ्चालन कार्यविधि आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा आफैं निर्धारण गर्न सक्नेछ ।

(८) कोषको आम्दानी र खर्चको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(९) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

३१. **<u>चलचित्र तथा लोकसंचार प्रवर्द्धन बोर्डको पदाधिकारीको नियुक्ति</u>** : (१) ऐनको दफा ५८ बमोजिम योग्यता पुगेको व्यक्तिले मन्त्री समक्ष अध्यक्ष र सदस्यको नियुक्तिको लागि निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न गएको निवेदन उपर नियुक्तिको लागि अध्यक्षको हकमा मन्त्रीको निर्णयानुसार मन्त्रालयको सिफारिशमा प्रदेश मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्नुपर्ने र सदस्यको हकमा मन्त्रीको निर्णयानुसार नियुक्त गर्नु पर्नेछ ।

(३) निवेदकहरुले यस प्रदेशमा रही निरन्तर कार्य गरेको स्पष्ट खुल्ने कागजात निवेदन साथ पेश गर्नु पर्नेछ।

३२. **<u>चलचित्र तथा लोकसंचार प्रवर्द्धन बोर्डका कर्मचारीको सेवा, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा ६० बमोजिम बोर्डका लागि संगठन संरचना अनुसूची -१ बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिमको दरबन्दीका कर्मचारी प्रदेश लोकसेवा आयोगद्धारा पुर्ति हुनेछ ।

(३) उपनियम (२) बमोजिम कर्मचारीको पदपूर्ति नभएसम्म सो को व्यवस्थापन प्रदेश सरकारले गर्नेछ ।

३३. **<u>पारिश्रमिक तथा सेवा सुविधाः</u>** (१) अध्यक्ष तथा सदस्यहरुलाई अनुसूची -१२ बमोजिमको पारिश्रमिक तथा सेवा सुविधा दिइनेछ ।

(२) उपनियम (१) बमोजिमको सेवा सुविधा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बजेट व्यवस्था भई कार्यालय स्थापना तथा संचालन भएको मितिदेखि पाउने छन् ।

३४. **<u>पारिश्रमिक कट्टी हुने रकमको हद, तरिका र म्यादः</u>** (१) ऐनको दफा ४१ को उपदफा (५) बमोजिम कुनै

श्रमजीवी पत्रकारको पारिश्रमिक कट्टी गर्नुपर्दा देहायका कुराहरुको अधीनमा रही कट्टी गर्नुपर्नेछ;-

(क) लागेको जरिवाना वा गैर हाजिर वापत कट्टी गर्नु पर्दा प्रत्येक पटक पाउने पारिश्रमिकको तेत्तीस प्रतिशतको दरले नबढाई त्यस्तो जरिवाना वा गैर हाजिर बापत कट्टी गर्नुपर्ने रकम असुल नभएसम्म,

(ख) जानीजानी वा लापरवाही साथ काम गर्दा प्राधिकरणलाई पुग्न गएको नोक्सानी बापत कट्टी गर्नुपर्दा प्रत्येक पटक पच्चीस प्रतिशतको दरमा नबढाई त्यस्तो कट्टी गर्नुपर्ने रकम असूल नभएसम्म,

(ग) पारिश्रमिकबाट कट्टी हुने गरी अघि दिएको पेश्की रकम कट्टी गर्नुपर्दा प्राधिकरण र श्रमजीवी पत्रकारबीच कुनै शर्त भएकोमा सोही आधारमा र त्यसरी कुनै शर्त नगरेको भए प्रत्येक पटक पाउने पारिश्रमिकको पच्चीस प्रतिशतका दरमा नबढाई त्यस्तो

पेश्की रकम असुल उपर नभएसम्म,

(घ) सरकारी अड्डा वा अदालतको आदेश बमोजिम तिर्नु बुझाउनु पर्ने वा प्रचलित कानून बमोजिम लाग्ने आयकर वा अन्य कुनै प्रकारको रकम कट्टी गर्नुपर्दा त्यस्तो आदेशमा म्याद किटान भएको भए सोही म्यादभित्र चुक्ता गर्न आवश्यक पर्ने जति प्रतिशतको दरले र म्याद किटान नभएकोमा प्रत्येक पटक पाउने पारिश्रमिकको पचास प्रतिशतको दरमा नबढाई त्यस्तो आदेश बमोजिम असुल उपर नभएसम्म।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै श्रमजीवी पत्रकारबाट असुल उपर गर्नुपर्ने कुनै रकम कट्टी नहुँदै निजको मृत्यु भएमा वा कुनै कारणबाट प्राधिकरणको सेवाबाट अवकाश पाएमा निजबाट असूल गर्न बाँकी भएजति रकम प्राधिकरणबाट निजले पाउने रकम भएमा सोही रकमबाट कट्टा गरी असूल उपर गरिनेछ ।

**३५. <u>पदाधिकारी नियुक्ति प्रक्रिया</u>:** (१) यस नियमावलीको नियम ३, १७ र ३१ बमोजिमका पदाधिकारीहरुको

नियुक्तिको लागि न्युनतम ७ (सात) दिनको सूचना प्रकाशन गरी इच्छुक व्यक्तिहरुबाट मन्त्रालयले आवेदन माग गर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएका आवेदनहरुमध्ये नियुक्तिका लागि योग्यता पुगेका व्यक्तिहरु मध्येबाट मन्त्रीले छनौट गरी नियुक्तिका लागि प्रदेश सरकार (मन्त्रिपरिषद) मा प्रस्ताव पेश गर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रिस्तरीय नियुक्त हुने पदाधिकारीको हकमा उपनियम (१) बमोजिम प्राप्त आवेदनहरु मध्येबाट मन्त्रीले उपयुक्त व्यक्तिलाई छनौट गरी नियुक्त गर्नेछ ।

३६. **<u>नियमावलीमा संशोधन</u>**: प्रदेश सरकारले आवश्यकता अनुसार यस नियमावलीमा संशोधन गर्न सक्नेछ ।

३७. **<u>अनुसूचीमा हेरफेर तथा थपघट गर्ने अधिकारी</u>** : मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची -१ र अनुसूची -१२ बाहेकको अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ । तर अनुसूची -१ र अनुसूची -१२ मा संशोधन प्रदेश सरकारले गर्नेछ ।

**३८. <u>कार्यविधि/ निर्देशिका बनाउन सक्ने</u>** : यस नियमावलीको कार्यान्वयनको लागि आवश्यक विषयमा आर्थिक विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा प्रदेश सरकारले कार्यविधि/ निर्देशिका बनाई लागू गर्न सक्नेछ।

**३९. <u>बाधा अड्काउ फुकाउः</u>** यो नियमावलीको कार्यान्वयन गर्दा कुनै बाधा अड्चन पर्न गएमा मन्त्रालयको निर्णय अनुसार हुनेछ ।

अनुसूची -१

(नियम ९ को उपनियम (१), नियम २१ को उपनियम (१) र नियम ३२ को उपनियम (१) सँग सम्वन्धित)

**प्रदेश आम सञ्चार प्राधिकरण, मिडिया काउन्सिल र चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डको संगठन संरचना**

| क्र.स. | पद, विवरण | सेवा/समुह | श्रेणी/तह | संख्या |
|---|---|---|---|---|
| १ | प्रशासकिय प्रमुख | प्रशासन/सामान्य प्रशासन | अधिकृतस्तर सातौं/आठौं | १ |
| २ | इलेक्ट्रोनिक्स एण्ड कमुनिकेसन इन्जिनियर/ आइटी अफिसर | विविध | अधिकृतस्तर छैठौ | १ |
| ३ | नायब सुब्बा | प्रशासन/सामान्य प्रशासन | पाचौं/चौथों | १ |
| ४ | लेखापाल | प्रशासन/लेखा | पाचौ/चौथों | १ |
| ५ | ह.स.चा. | विविध | श्रेणीविहिन | १ |
| ६ | कार्यालय सहयोगी | विविध | श्रेणीविहिन | २ |

अनुसूची -२

(नियम १०  को उपनियम (१), नियम १२ को उपनियम (१), नियम १६ को उपनियम (१) सँग सम्वन्धित)

**<u>पत्रपत्रिका दर्ताको लागि दिइने निवेदनको ढाँचा</u>**

श्री आमसञ्चार माध्यम प्राधिकरण

....................... ।

निम्न विवरणको पत्रपत्रिका प्रकाशित गर्ने प्रमाणपत्र पाउन / अभिलेख दर्ता/ नवीकरण गर्नको लागि पत्रपत्रिका सम्बन्धी निम्न विवरणहरु खुलाई दुई प्रति फोटो र रु. १०।- को टिकट टाँसी यो दरखास्त पेश गरेको छु/छौं ।

१. पत्रपत्रिकाको विवरण

(क) नामः

(ख) किसिमः

(ग) भाषाः

(घ) आकारः

(ङ) पृष्ठ संख्याः

(च) छापिने संख्याः

(छ) प्रकाशित हुने स्थानः

(ज) प्रकाशित हुने दिनेः

२. पत्रपत्रिकाको कार्यालय रहने स्थानः

(क) स्थायी

(ख) अस्थायी

३. सम्पादकको नाम र ठेगानाः

४. सम्पादको योग्यताः

५. मुद्रकको नाम र ठेगानाः

६. अन्य विवरणः

**दरखास्तवालाको**

सहीः................

नामः................

ठेगानाः............

## अनुसूची -३

(नियम १० को उपनियम (१), नियम ११ उपनियम (१), नियम १५ को उपनियम (१), नियम १६ को उपनियम (१) नियम २४ को उपनियम (१)(३) र (५) नियम २५ को उपनियम (३) सँग सम्वन्धित)

**<u>सञ्चार माध्यम सञ्चालनको निवेदन दिँदा तथा अन्य प्रामाणपत्र प्रदान गर्दा लाग्ने दस्तुर</u>**

१. पत्रपत्रिका दर्ता/ नवीकरणको लागि लाग्ने दस्तुरः

(क) दैनिक समाचारपत्रको लागि -रु. एक हजार रुपैयाँ

(ख) अर्धसाप्ताहिक समाचारको लागि -रु. एक हजार रुपैयाँ

(ग) साप्ताहिक समाचार पत्रको लागि -रु. एक हजार रुपैयाँ

(घ) पाक्षिक समाचारपत्रको लागि -रु. पाँच सय रुपैयाँ

(ङ) मासिक र अन्य समाचारपत्रको लागि -रु. पाँच सय रुपैयाँ

(च) अन्य पत्रपत्रिकाको लागि -रु. पाँच सय रुपैयाँ

२. प्रेस प्रतिनिधि, अस्थायी प्रेस प्रतिनिधि तथा सो सम्बन्धी अन्य दस्तुर

(क) प्रेस प्रतिनिधि प्रमाणपत्र दस्तुरः

(१) नेपाली नागरिकका लागि -पाँच सय रुपैयाँ

(२) विदेशी नागरिकका लागि -दुई हजार रुपैयाँ

(ख) अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र दस्तुरः

(१) नेपाली नागरिकको लागि -एक हजार रुपैयाँ

(२) विदेशी नागरिकका लागि -दुई हजार रुपैयाँ

(ग) स्वतन्त्र पत्रकारको प्रमाणपत्र दस्तुर -एक हजार रुपैयाँ

(घ) सञ्चार संस्था परिवर्तन दस्तुर -एक हजार रुपैयाँ

(ङ) पत्रकारिताको अनुभव प्रमाणित सिफारिस -पाँच सया रुपँया

(च) अध्यक्ष, प्रकाशक, महाप्रवन्धक, प्रबन्ध निर्देशक, व्यवस्थापक -एक हजार रुपैयाँ

(छ) सूचना वितरण दस्तुरः सूचनाको हक सम्बन्धी प्रचलित कानूनले तोके बमोजिम ।

३. अनलाइन सञ्चार माध्यम दर्ता/नवीकरण दस्तुरः -एक हजार रुपैयाँ

## अनुसूची -४

(नियम १० को उपनियम (२), नियम १६ को उपनियम (२) सँग सम्वन्धित)

**<u>पत्रपत्रिका प्रकाशन गर्न प्रदान गरिने स्थायी प्रमाणपत्रको ढाँचा</u>**

सि.नं.

द.नं.

श्री...............................

तपाइँलाई/ तपाइँहरुलाई निम्न विवरणको पत्रपत्रिका प्रकाशित गर्नको लागि यो स्थायी प्रमाणपत्र दिइएको छ ।

१. पत्रपत्रिकाको विवरण

(क) नामः

(ख) किसिमः

(ग) भाषाः

(घ) आकारः

(ङ) पृष्ठ संख्याः

(च) छापिने संख्याः

(छ) प्रकाशित हुने स्थानः

(ज) प्रकाशित हुने दिनः

२. पत्रपत्रिकाको कार्यालय रहने स्थानः

(क) वडा नं.

(ख) गाउँ/नगरः

(ग) जिल्लाः

(घ) प्रदेशः

३. सम्पादकको:

(क) नामः

(ख) ठेगानाः

(ग) योग्यताः

४. मुद्रकको नाम र ठेगानाः

५. अन्य विवरणः

प्रशासकिय प्रमुखको

सहीः

नामः

दर्जाः

कार्यालयको छापः

मितिः

# अनुसूची -५

(नियम १० को उपनियम (३), नियम १२ को उपनियम (२) सँग सम्वन्धित)

**दर्ता किताबमा जनाइने पत्रपत्रिकाको विवरणको ढाँचा**

आ.व.

| दर्ता नं. | पत्रपत्रिको नाम | किसिम | भाषा | आकार | पृष्ठ संख्या | छापिने प्रति | प्रकाशित हुने स्थान | प्रकाशित हुने दिन | प्रकाशकको नाम | सम्पादको नाम र ठेगाना | मुद्रकको नाम र ठेगाना |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

## अनुसूची -६

(नियम १५ को उपनियम (१) र नियम १६ को उपनियम (१) सँग सम्वन्धित)

**<u>अनलाईन पत्रकारिताका लागि दिइने निवेदनको ढाँचा</u>**

श्री प्रदेश आमसञ्चार प्राधिकरण,
प्रदेश नं. २, जनकपुरधाम ।

म/हामी ............................................नाम गरेको अनलाईन पोर्टल मार्फत प्रदेश सञ्चार सम्बन्धी ऐन,२०७७ र प्रदेश सञ्चार नियमावली,२०७७ को अधिनमा रही पत्रकारिता गर्न इच्छुक भएकोले तहाँ कार्यालयमा सो नामको पोर्टल दर्ता/ नवीकरण गर्न रु. १० को टिकट टाँसी यो निवेदन दिएका छौं ।

निवेदकको,
सहीः
नाम थरः
पदः
ठेगानाः
सम्पर्क नं.
मितिः

## अनुसूची -७

(नियम १५ को उपनियम (३) र नियम १६ को उपनियम (२) सँग सम्वन्धित)

**<u>अनलाईन दर्ता /नवीकरण प्रमाणपत्रको ढाँचा</u>**

सि. नं.

दर्ता प्रमाणपत्र नं.

श्री .......................

तपाँई/ तपाँईहरुलाई निम्न विवरणको अनलाइन सञ्चार माध्यम मार्फत अनलाइन दर्ता / नवीकरण गर्नको लागि यो प्रमाणपत्र दिइएको छ ।

१. अनलाइन सञ्चार माध्यमको विवरण

(क) नामः

(ख) डोमेनः

(ग) भाषाः

२. कार्यालय रहने स्थानः

३. सञ्चालकको नाम, थर, ठेगाना र सम्पर्क फोन नं.:

४. सम्पादकको नाम, थर ठेगाना र सम्पर्क फोन नं.:

५. स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर नं.:

६. अन्य विवरणः

प्रमाणपत्र जारी गर्नेको,

कार्यालयको छाप र सहीः

नाम थरः

दर्जाः

मितिः

## अनुसूची -८

(नियम २४ को उपनियम (१) र (४) नियम २६ को उपनियम (२) सँग सम्वन्धित)

**प्रेस प्रतिनिधि/ अस्थायी प्रेस प्रतिनिधिको लागि दिइने दरखास्त( नवीकरणका लागि समेत) को ढाँचा**

श्री प्रदेश आमसञ्चार प्राधिकरण,
प्रदेश नं. २, जनकपुरधाम ।

.............................. को तर्फबाट प्रेस प्रतिनिधि/ अस्थायी प्रेस प्रतिनिधि/ नवीकरण गर्न/ भई .................. जिल्लामा मिति ....................... देखि ................ सम्म काम गर्न इच्छुक भएकोले निम्न कागजातहरु समेत संलग्न गरी दुई प्रति फोटो र रु. १०।- को टिकट टाँसी यो दरखास्त पेश गरेको छु । मेरो नाममा प्रेस प्रतिनिधि/ अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र पाउन अनुरोध गर्दछु ।

संलग्न कागजातहरुः-

१. सम्बन्धित संस्थाको सिफारिश पत्र

२. नियम २१ बमोजिमको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

३. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

४. व्यक्तिगत विवरण फाराम

५. दरखास्तवालाको अनुभव ।

दरखास्तवालाको

सहीः

नामः

ठेगानाः

(क) स्थायीः

(ख) अस्थायीः

मितिः

# अनुसूची -९

(नियम २४ को उपनियम (२) र (५) सँग सम्वन्धित)

**स्थायी प्रेस प्रतिनिधि/ अस्थायी प्रेस प्रतिनिधि/ स्वतन्त्र प्रतिनिधि प्रमाणपत्रको ढाँचा**

सि.नं.

द.नं.

श्री .....................................।

तपाईलाई देहायको शर्त बन्देजमा रहने गरी प्रेस प्रतिनिधि/ अस्थायी प्रेस प्रतिनिधिको रुपमा काम गर्न पाउने गरी यो प्रमाणपत्र दिइएको छ ।

१. प्रमाणपत्र पाउने व्यक्तिको नागरिकताः

२. प्रमाणपत्र पाउने व्यक्तिको ठेगानाः

क) स्थायीः

ख) अस्थायीः

३. प्रमाणपत्रको किसिमः

४. प्रमाणपत्रको अवधिः

क) स्थायीः

ख) अस्थायीः

५. पत्रपत्रिका वा संस्थाको नामः

६. प्रमाणपत्र पाउने व्यक्तिले समाचार संकलन गर्ने क्षेत्रः

७. प्रमाणपत्र पाउने व्यक्तिले गर्ने कामः

८. प्रमाणपत्र पाउने व्यक्तिले पालना गर्नुपर्ने शर्तहरुः

(क)

(ख)

प्रशासकिय प्रमुखको,

सहीः

कार्यालयको नाम र छापः

मितिः

## अनुसूची -१०

(नियम २९ को उपनियम (१) सँग सम्वन्धित)

**सञ्चार संस्थाको हक हस्तान्तरण गर्दा दिने जानकारीको ढाँचा**

श्री प्रदेश आमसञ्चार प्राधिकरण,
प्रदेश नं. २, जनकपुरधाम ।

त्यस ................................ कार्यालयमा मिति .........................मा ...................... नाउँमा दर्ता भएको द.नं. .......... को .....................सञ्चार माध्यम (एफ.एफ./ टेलिभिजन/ केवुल टि.भी. / पत्रपत्रिका / अनलाईन / अन्य सञ्चार माध्यम) मिति ............... मा ................ बाट मैले / हामीले प्राप्त गरेकोले सो सञ्चार माध्यमको स्वामित्व हस्तान्तरण भएको कागजातको प्रमाणित प्रतिलिपि संलग्न गरी यो जानकारी पेश गरेको छु / छौं । उक्त सञ्चार संस्था मेरो / हाम्रो नाउँमा कायम गरी पाउन अनुरोध गर्दछु / छौं ।

निवेदकको:
सहीः
नामः
ठेगानाः
मितिः

# अनुसूची -११

(नियम २९ को उपनियम (२) सँग सम्वन्धित)

**स्वामित्व हस्तान्तरण भएका सञ्चार माध्यमहरुको दर्ता राखिने ढाँचा**

| द.नं. | सञ्चार माध्यम को नाम | किसिम | दर्ता मिति | हस्तान्तरण भएको मिति | हस्तान्तरण गर्नेको नाम र ठेगाना | हस्तान्तरण गरी लिने व्यक्तिको नाम र ठेगाना | कानून बमोजिम बुझाउनु पर्ने शुल्क बुझाएको / नबुझाएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

# अनुसूची-१२

(नियम ३३ उपनियम (१) सँग सम्बन्धित)

**<u>प्रदेश आम सञ्चार प्राधिकरण, मिडिया काउन्सिल र चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डका पदाधिकारीहरुको पारिश्रमिक तथा सेवा सुविधा</u>**

| क्र.सं. | सुविधाको किसिम | ईकाइ दर | अध्यक्ष | सदस्य |
|---|---|---|---|---|
| १. | पारिश्रमिक | मासिक | ३५,०००।- | - |
| २. | सवारी | संख्या | १ | - |
| ३. | यातायात खर्च | प्रति महिना रु. | - | १०,०००।- |
| ४. | डिजल | प्रति महिना | १०० लि. | - |
| ५. | मोविल | चौमासिक | १० लि. | - |
| ६. | सञ्चार खर्च | प्रति महिना रु. | २,५००।- | २,०००।- |
| ७. | बैठक भत्ता | प्रति बैठक रु. | १,५००।- | १,५००।- |
| ८. | अतिथि सत्कार | प्रति महिना रु. | १०,०००।- | ८,०००।- |
| ९. | चाडपर्व खर्च | वार्षिक रु. | १५,०००।- | १५,०००।- |
| १०. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १,६००।- | १,६००।- |

| | | | | |
|---|---|---|---|---|
| ११. | हलुका सवारी चालकको वापत रकम | प्रति महिना | २३,८५०।- | - |

<u>**नोटः**</u> (१) प्रदेश आमसञ्चार प्राधिकरणका अध्यक्षको हकमा मात्र क्र.सं. १. मा उल्लेख भएको मासिक पारिश्रमिक उपलब्ध गराइनेछ ।

(२) अध्यक्षलाई सवारी उपलब्ध हुन सक्ने अवस्था नभएमा सवारी, इन्धन र चालक वापत मासिक रु. ४०,०००।- उपलब्ध गराउनु पर्नेछ ।

(३) बैठक मासिक रुपमा एक पटक मात्र बस्न सक्नेछ ।

**स्वीकृत मिति २०७७।०९।२८**

आज्ञाले
वीरेन्द्र कुमार यादव
प्रदेश सरकारको सचिव